# पोखरा महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

न्यूरोड, पोखरा

गण्डकी प्रदेश, नेपाल

## पोखरा महानगरपालिकाको सार्वजनिक डाँक बढाबढ गर्ने सम्बन्धि सूचना

*प्रकाशन मिति : २०८०।१२।०७ गते*

पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, पोखराले तपशिल बमोजिमका स्थानहरुबाट बर्षाको समयमा घाटगद्धी गरी राखेको नदिजन्य सामाग्री ढुंगा, गिट्टी, वालुवा, दहत्तर बहत्तर आदिको बिक्रि शुल्क संकलन गर्न  पोखरा महानगरपालिकाको आय ठेक्का वन्दोवस्ती नियमावली-२०७७ को नियम (१०) को उपनियम (६) बमोजिम सार्वजनिक डाँक बढाबढको सूचना प्रकाशन गरिएकोले ईच्छुक व्यक्ति वा फर्महरुले सूचनामा प्रकाशित मिति, समय र स्थानमा आवश्यक कागजातहरु सहित सार्वजनिक डाँक बढाबढ गर्न उपस्थितिको लागि ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| क्र.सं | घाटको नाम | घाटगद्धी परिमाण | प्रति घनमिटर मूल्य | न्यूनतम कवोल अङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | तुलसीतारा घाट | ३५२० | ८२० | २८,८६,४००.०० | |
| २ | रुद्रमहादेव घाट | ५४९८ | ८२० | ४५,०८,३६०.०० | |
| ३ | माथिल्लो गोस्ते लामाचौर | २०८३ | ८२० | १७,०८,०६०.०० | |
| ४ | तल्लो गोस्ते | ४६७९ | ८२० | ३८,३६,७८०.०० | |
| ५ | गजरे घाट | ११९३९ | ८२० | ९७,८९,९८०.०० | |
| ६ | ढाव घाट | ५४५४ | ८२० | ४४,७२,२८०.०० | |
| ७ | पुरुन्चौर ढोडेनी घाट | २६२ | ८२० | २,१४,८४०.०० | |

शर्तहरुः

१. **बढाबढ हुने स्थानः** पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड पोखरा (सभा हल)

२. **बढाबढ हुने मिति र समयः-** २०८०।१२।१४, दिनको १:०० बजे ।

३. बढाबढ डाँक बोल्ने व्यक्ति नेपाली नागरिक भए आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अङ्कको दश प्रतिशत रकम पोखरा महानगरपालिकाको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक पृथ्वीचोक शाखामा रहेको धरौटी खाता नं ३०२०१००३०३००००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारि गरेको डाँक बढाबढ मितिबाट ७५ दिन म्याद भएको विडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

४. नेपाली नागरिकले डाँक बढाबढमा उपस्थित हुँदा आफ्नो सक्कल नागरिकता र विदेशी नागरिकले सक्कल राहदानी वा दुतावासले जारी गरेको प्रमाणको सक्कल प्रति सहित स्वंयं प्रमाणीत प्रतिलिपी सहित उपस्थित हुन पर्नेछ ।

५. फर्मको हकमा:- कम्पनी दर्ता प्रमाण पत्र, व्यवसाय गर्न इजाजत प्राप्त प्रमाण पत्र, नविकरण गर्न आवश्यक पर्ने फर्मको  नविकरण पत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र,आर्थिक वर्ष ०७९/०८० को कर चुक्ता प्रमाण पत्र,

६. मूल्य अभिवृद्धि कर र अग्रीम आयकर कबोलकर्ता स्वयंले दाखिला गर्नुपर्नेछ ।

७. नदीजन्य सामाग्रीको परिमाण अनुसार निकासीको समयावधि तोकिनेछ ।

८. घाटगद्धि गरिराखेको सामाग्री बाहेक अन्य सामाग्री उत्खनन तथा निकासी गर्न पाइने छैन ।

९. कवोल रकम, मूल्य अभिवृद्धि कर र अग्रीम आयकर अग्रीम रुपमा एकमुष्ठ दाखिला गर्नुपर्नेछ ।

१०. सार्वजनिक डाँक बढाबढको मितिमा कुनै सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पूर्व प्रकाशित समय र स्थानमा सार्वजनिक डाँक बढाबढ हुनेछ ।

११. अन्य व्यवस्थाका सम्बन्धमा पोखरा महानगरपालिका आयठेक्का बन्दोबस्ती नियमावली २०७७ मा उल्लेख भएमा सोहि बमोजिम हुनेछ, अन्यथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

म्पादक : रामकृष्ण बोहरा, प्रधान कार्यालय : बा.न.पा.-२, बागलुङ, पोखरा कार्यालयः सिर्जनाचोक-८, कास्की, Email: dailydhorpatan@gmail .com फोन : ०६८-५२०३८३, ०६१-५७८९०५ मुद्रण : हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा